नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

# सघन शहरी तथा भवन निर्माण आयोजना

ओखलढुङ्गा

प.स.: ०७९।०८०
च.नं. : 869

मिति: २०८०/०१/२५

श्री हलेसी तुवाचुङ नगरपालिका, खोटाङ
श्री दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ
श्री ऐसेलुखर्क गाउँपालिका, खोटाङ
श्री रावा बेसी गाउँपालिका, खोटाङ
श्री जन्तेढुङ्गा गाउँपालिका, खोटाङ
श्री खोटेहाङ गाउँपालिका, खोटाङ
श्री केपिलासगढी गाउँपालिका, खोटाङ
श्री दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ
श्री साकेला गाउँपालिका, खोटाङ
श्री वराहपोखरी गाउँपालिका, खोटाङ

**विषय : निजी आवास निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यन्वयन इकाई (भवन तथा आवास), बबरमहल, काठमाडौंको च.नं. १३१४, मिति २०८०।०१।२४ को प्राप्त पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८०।०१।१९ को निर्णयअनुसार निजी आवास पुर्ननिर्माण तथा प्रबलिकरण कार्यको अन्तिम समयसिमा मिति २०८० असार मसान्त सम्म तोकिआएको हुँदा तपशिल बमोजिम गर्न गराउँन तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुमा जानकारी गराई समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ । साथै यसको सुचना सम्पूर्ण सर्वसाधारणलाई जानकारी गराउन पालिका तथा वडा कार्यालयमा भएको सुचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाई आम समुदायलाई जानकारी गराईदिनुहुन समेत अनुरोध छ ।

**तपशिल**

१. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भईसकेका लाभग्राहीहरुको मात्र निजी आवास निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने ।
२. पुनरावेदन समितिबाट मिति २०७९।०९।०९ सम्म लाभग्राही कायम भई सम्झौता भएका पुर्ननिर्माण तथा प्रवलिकरण लाभग्राहीहरुको निर्माण कार्य २०८० असार मसान्त अगावै सम्पन्न गर्न लगाई सम्पन्न घरहरुको सक्कल निरीक्षण फारम, वडा कार्यालयको सक्कल सिफारीस सहितको अनुसूचीहरु मिति २०८० असार मसान्तसम्म सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगामा पेश गरीसक्नु पर्ने ।
३. मिति २०८० असार मसान्त भन्दा पछि किस्ता भुक्तानीको लागी प्राप्त हुन आएका फाइलहरु उपर कुनै काम / कार्बाही अगाडी नबढाइने ।
४. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भइसकेका लाभग्राहीहरु र पुनरावेदन समितिबाट कायम भएका लाभग्राहीहरु बाहेक अन्य लाभग्राहीहरुको मिति २०७९ असार २० गते समयसिमा समाप्त भएको हुँदा त्यस्ता फाइलहरु उपर कुनै काम / कार्बाही नगरीने ।

पुनश्च : केन्द्रीय आयोजना कार्यन्वयन इकाई (भवन तथा आवास), बबरमहल, काठमाडौंको च.नं. १३१४, मिति २०८०।०१।२४ को प्राप्त पत्र र नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८०।०१।१९ को निर्णय यसैपत्र साथ सम्लग्न गरी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

डा. युवराज पौडेल
आयोजना प्रमुख

ई.डा. युवराज पौडेल
आयोजना प्रमुख

फोन नं.: ०३७-५२०७४७, ईमेल: pudbc.okhaldhunga@gmail.com, nijiaawashdlpiu.okh@gmail.com